गोलन्जोर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या ४ मिति:२०८०/०३/२४


## भाग-२

## गोलन्जोर गाउँपालिका

# गोलन्जोर गाउँपालिकाको कन्टीजेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यबिधि २०८०

गाउँ सभावाट पारित मिति २०८०।०३।२४

**प्रस्तावना**

गाँउपालिकामा प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै गोलन्जोर गाँउपालिका मार्फत संचालन हुने योजना तथा कार्यक्रहरुबाट नियमानुसार कट्टा हुने गरि आउने कन्टीजेन्सी रकम खर्च गर्ने प्रक्रियालाई थप पारदर्शी, मितव्ययी , र व्यवस्थित बनाउन वान्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसुचि १ को द्रस्टव्य (ग) ले दिएको अधिकार प्रयोग गरी गोलन्जोर गाँउपालिकाले यो कार्यबिधि बनाई लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

- यो कार्यबिधिको नाम "**कन्टीजेन्सी रकम खर्च गर्ने कार्यबिधि,** २०८०" रहेको छ ।
- यो कार्यबिधि गोलन्जोर गा.पा बाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२.परिभाषाः**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा ,

(क) कार्यबिधि भन्नाले कन्टीजेन्सी खर्च संचालन सम्बन्धी कार्यबिधि २०८० सम्झनु पर्दछ ।

(ख) खरिद नियमावली भन्नाले सार्नजनिक खरिद नियमावलि,२०६४ सम्झनु पर्दछ ।

(ग) गाँउपालिका भन्नाले गोलन्जोर गाँउपालिकालाई लाई सम्झनु पर्दछ ।

(घ) कन्टीजेन्सी खर्च भन्नाले दफा ३ बमोजिमको शीर्षकमा गरिने खर्च सम्झनु पर्दछ ।

**३.कन्टिजेन्सी खर्च शीर्षकः**

योजना तथा कार्यक्रमहरुको कन्टीजेन्सी रकमलाई गाँउपालिकाले देहाय बमोजिमको शीर्षकहरुमा मितव्ययी तथा पारदर्शी रुपमा खर्च गर्न सकिने छ ।

(क) योजना कार्यान्वयन गर्नका लागि आवश्यक अस्थायी प्रकृति (करार ,ज्यालादारी ) को जनशक्ती व्यवस्थापन ।

(ख) विवाद समाधन सम्बन्धि काममा हुने परामर्श सेवाको खर्च ।

(ग) खरिदसँग सम्बन्धित कार्यको लागि तत्काल कुनै अध्ययन वा परामर्श सेवा लिन त्यस्तो सेवाको खर्च ।

(घ) योजनाहरुको बोलपत्र मूल्याङ्कन वा प्रस्ताव तयारी खर्च।

(ङ) योजनाहरुको लागत अनुमान, डिजाईन,सर्भे तथा निर्माण सम्बन्धी कार्य ।

(च) योजनाहरुको सामान्य मर्मत सम्भार लगायतका खर्च ।

(छ) सम्बन्धित योजनाहरुको सुपरीवेक्षणमा हुने इन्धन खर्च तथा दैनिक भ्रमण भत्ता खर्च ।

(ज) कृषी जोखिम न्यूनिकरण, कृषी प्रविधि तथा यान्त्रिकरण हस्तान्तरण र उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रम।

(झ) सार्वजनिक सम्पतिको सामान्य मर्मत सम्भार खर्च ।

(ञ) तत्काल कार्यान्वयन गर्न सकिने आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु ।

(ट) अतिथि सत्कार तथा भवन उद्घाटन खर्च।

(ठ) विविध खर्च ।

**४.कन्टिजेन्सी रकम खर्च गर्ने प्रक्रियाः**

(क) कुनै पनि योजनाको स्वीकृत लागत अनुमानको बढिमा ४ प्रतिशत बराबरको रकम मात्र खर्च गर्न योग्य कन्टिजेन्सी रकम हुनेछ ।

(ख) योजना सम्झौता /खरिद सम्झौता हुन बाँकी रहेको वा योजना सम्झौता /खरिद सम्झौता भएको तर कार्य प्रारम्भ भइ नसकेको अवस्थामा पनि सो व्यवस्थापनको लागि यो कार्यबिधि बमोजिमको कन्टीजेन्सी रकम खर्च गर्न सकिने छ ।

(ग) कन्टिजेन्सी रकम बाँडफाड तथा खर्च गर्नको लागि देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| (क) गा. पा. अध्यक्ष | संयोजक |
| (ख) गा. पा. उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख् प्रशासकिय अधिकृत | सदस्य |
| (घ) लेखा प्रमुख | सदस्य |
| (ङ) योजना प्रमुख | सदस्य सचिव |

**५. कन्टीजेन्सी खर्चको अभिलेख राखु पर्नेः**

गाँउपालिकाको वार्षिक स्वीकृत बजेट अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टीजेन्सी वापतको रकम लाई आर्थिक वर्षको शुरुमा नै एकिकृत रुपमा हिसाब गरी सो को अभिलेख राखुपर्नेछ ।तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टीजेन्सी वापतको रकम योजना तथा कार्यक्रम कार्यान्वयन सङ्ग सङ्गै आर्थिक वर्षको अन्त्य सम्म खर्च गर्न सकिने छ ।

**६.थपघट,हेरफेर वा संशोधनः**

कार्यपालिकाले यस कार्यबिधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

**७.बाधा अड्काउ फुकाउने अधिकारः**

यस कार्यबिधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यापालिकाको हुनेछ ।तर प्रचलित ऐन,कानुन,नियम र यस कार्यबिधिको मूलभूत कुरालाई असर गर्ने गरी अड्काउ फुकाउने अधिकार प्रयोग गर्न पाइने छैन ।

आज्ञाले
शम्भु प्रसाद पौडेल
प्रमुख प्रशासकिय अधिकृत